# श्री कालापानी सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. २, ३ र ५, दाङ**

# काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८२ ।०६। ११ गते

श्री कालापानी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. २, ३ र ५, दाङको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादन भई गाउँपालिका वडा नं. ५ बबरपुर दाङको घाटगद्दीमा लट बनाई राखिएको साल समेत जातको गोलिया काठ थान ४१३ को २२४२.०५ घ.फि. साथै साल दाउरा २२.०० चट्टा, साल मिश्रित दाउरा १.०० चट्टा गरी जम्मा २३.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**